नेपाल गजेट

भाग १

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७]काठमाडौं कार्तिक २१ गते २०१४ साल [अतिरिक्ताङ्क १

शाही घोषणा

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली-विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवनप्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखा-दक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाह-बहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।

आगे प्यारा प्रजाहरूके यथोचित.

२००७ सालको परिवर्तनपछि बखत बखतमा सरकार गठन भई विभिन्न कारणवश विघटन गर्नुपर्ने अवस्था आइपरेको सबैलाई थाह भएकै कुरा हो। बराबर सरकारमा हेरफेर भइरहेर मात्र देशनिर्माणको काम सुचारूरूपले

आधिकारिकता मुद्रण विभागद्वारा प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चल्दैन भन्ने कुरा पनि सबैले मानिआएकै हो। यसैले सकभर सरकार विघटन गर्न नपरोस् भन्ने हामीबाट सम्य समयमा इच्छा र आशा गरिबक्सेका पनि थियौं। तर मौजुदा सरकारलाई पनि अहिले विघटन गर्न बाध्य हुन परेकोमा हामीलाई खेद छ।

२. सम्वत् २०१४ साल श्रावण ११ गते रोज ६ को हाम्रो घोषणाद्वारा संयुक्त प्रजातन्त्र पार्टीका अध्यक्ष श्री कुँवर इन्द्रजितसिंहको नेतृत्वमा गठन गरिएको मन्त्रिमण्डलले हालै राजीनामा पेश गरेको हुँदा वर्तमान परिस्थिति-लाई गम्भीर विचार गरी, मुलुकको भलाई हुने काममा यस मन्त्रिमण्डलले गरेको सल्लाह र सहयोगको निमित्त धन्यवाद दिई, आज यही घोषणाद्वारा यो मन्त्रिमण्डल विघटन गरिबक्सेका छौं। अर्को व्यवस्था गर्नलाई केही समय लाग्ने देखिएकोले केही दिनको निमित्त मुलुकको शासन व्यवस्था फेरि हामीबाट चलाउन इच्छा नभए तापनि चलाउन बाध्य भै यो घोषणा जारी गरिबक्सेका छौं।

राजदरबार काठमाडौं — जय नेपाल!

इति संवत् २०१४ साल कार्तिक २६ गते रोज५ शुभम्;

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।